# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

## मेलौली नगरपालिका
## बैतडी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| | grity) |
| ा | pendence) |
| कता | essionalism) |
| ा | sparency) |
| हेता | untability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

प.सः २०७८।७९
च.नः१६८ मितिः २०७८।५।४

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
मेलौली नगरपालिका,बैतडी

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

..................................
नारायण एम.सी.
( नायव महालेखापरीक्षक)

***बोधार्थः***
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरवार, काठमाडौं** — प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

**(लुम्वीनी कर्णाली र सुदूरपश्चिम प्रदेश)**


पत्र संख्याः२०७८/७९

च.नं.१६९ मितिः २०७८/५/४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
मेलौली नगरपालिका, बैतडी।

**कैफियत सहितको राय**

हामीले **मेलौली नगरपालिकाको** आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय ब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

**१. लेखापरीक्षणबाट रु. १ करोड ७३ लाख ३५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३५ लाख ३० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ७ लाख ९० हजार नियमित गर्नुपर्ने रु. ४१ लाख ६४ हजार पेश्की बाँकी रु. ८८ लाख ५१ हजार रहेको छ ।**

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०१।११ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभइ कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २० (**बिस**) को यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरकार्यपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सि.)
नायब महालेखापरीक्षक

**मेलौली नगरपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७६/७७**

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ५० सभा सदस्य, ११९४३ वर्ग किलोमिटर क्षेत्रफल तथा २२४५० जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष :** आर्थिक वर्ष २०७६।०७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ५१६१०७१५.०२ | १ | **चालु खर्च** | ३३७४७७३७१.२१ |
| | क) बैंक | ५१६१०७१५.०२ | | २ | **पूँजीगत खर्च** | ८५९१९४७१.०६ |
| २ | **राजस्व ( आन्तरिक आय)** | | ५२३०९०२९.१३ | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | |
| | क) आन्तरिक राजस्व | ४८२५९९४.२८ | | | क) ऋण भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | ४७४८३०३४.८५ | | | ख) ब्याज भुक्तानी | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | ३४९२६४१६३.०० | | ग) अन्य भुक्तानी | |
| | क) वित्तिय समानीकरण अनुदान | ९३९००००.० | | ४ | **लगानी** | |
| | ख) सशर्त अनुदान | २२५८६४१६३.० | | | ऋण लगानी | |
| | ग) समपूरक अनुदान | १२००००००.० | | | शेयर लगानी | |
| | घ) विशेष अनुदान | १७५००००.० | | | अन्य लगानी | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | २९१७९०००.० | ५ | **धरौटी फिर्ता** | ३६३५६७.०० |
| | क) वित्तिय समानीकरण अनुदान | ६८७२०००.० | | ६ | **मौज्दात** | १०७५४९४८४.४८ |
| | ख) सशर्त अनुदान | ३४०७०००.० | | | क) बैंक मौज्दात | |
| | ग) समपुरक अनुदान | १२५०००००.० | | ७ | **शसर्त अनुदान फिर्ता** | ३८२८२६८१.०० |
| | घ) विशेष अनुदान | ६४०००००.० | | ८ | **धरौट मौज्दात** | २०३०२२८.०० |
| ५ | **अन्य** | | १७३५३३८०.० | ९ | **कोष खाताको मौज्दात** | १४५६६५०.०० |
| | क) सडक बोर्ड नेपाल | ३७५००००.० | | | | |
| | ख) कोरोना नियन्त्रण प्रदेश सरकार | १३७००००.० | | | | |
| | ग) कोरोना नियन्त्रण संघ सरकार | १३७८४५०.० | | | | |
| | घ) आर्थिक मामिला तथा योजना मन्त्रालय आइसोलेसन | ८८५०००.० | | | | |
| | ( ङ) क्षेत्रिय शिक्षा निर्देशनालय का.स. तथा बालविकास प्रोत्साहन | ४९००००.० | | | | |
| | ( च) औधोगिक ग्राम विकास | ९२०००००.० | | | | |
| | (छ ) प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | २७९९३०.० | | | | |
| ६ | **धरौटी आय** | | २३९३७९५.० | | | |
| ७ | **अन्य विविध आय** | | ७०९६९३७०.६ | | | |
| | (क) सामाजिक सुरक्षा | ६९२९५६००.० | | | | |
| | (ख) राष्ट्रिय परिचय पत्र तथा पन्जीकरण विकास | ६४५७७०.६० | | | | |
| | (ग) वहुक्षेत्री पोषण कार्यक्रम | ७९६०००.० | | | | |
| | (घ) कोभिड १९ सम्वन्धमा पोषण कार्यक्रम | २३२०००.० | | | | |
| | **जम्मा** | | **५७३०७९४५२.७५** | | **जम्मा** | **५७३०७९४५२.७५** |

कार्यालयको नाम :मेलौली नगरपालिका बैतडी । आ.व. २०७६।७७

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । | |

| | | |
|---|---|---|
| | • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>. निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३. | **ठेक्काको म्याद थप :-** ठेक्काको म्याद थप गर्दा प्रत्येक ठेक्काको सम्वन्धमा म्याद थप गर्ने पर्ने उचित कारण र दिन एकिन गरी प्रत्येक ठेक्काको लागि अलग अलग निर्णयवाट म्याद थप हुनु पर्नेमा नगर कार्यपालिकाको ६८ औ बेठकको निर्णयवाट १७ वटा ठेक्काको एकमुष्ट म्याद थप | |

| | | |
|---|---|---|
| | भएको पाइयो । प्रत्येक ठेक्काको लागि उचित र पर्याप्त कारण खोली सर्त वमोजिम म्याद थप वा कारवाही हुनु पर्दछ । | |
| ४. | वहुवर्षीय ठेक्का वहुवर्षीय खरिद गुरु योजना स्वीकृत गरेर मात्र वहुवर्षीय अयोजना कार्यान्वयन हुनु पर्नेमा योजना स्वीकृती वेगर अगामी वर्षेको लागि दायित्व सृजना हुने गरी ठेक्का व्यवस्थापन गरेको पाइयो । यसमा सुधार हुनु पर्दछ । | |
| ५. | **खरीद अभिलेखः** सार्वजनिक खरीद नियमावली २०६४ को नियम १४९ को उपनियम २ बमोजिमका कागजातहरु सोही नियमको उपनियम १ बमोजिम हरेक खरीद कार्वाहीको निम्ती छुट्टै फाईल खडागरी राख्नुपर्नेमा अलग अलग राख्ने गरेकोले खरीद अभिलेख व्यवस्थापन बमजोर देखिदा नियममा उल्लेख गरे बमोजिम व्यवस्थीत रुपले खरीद फाईल व्यवस्थापन हुनुपर्ने देखिन्छ। | |
| ६. | **बरबुझारथ** : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ । | |
| ७. | **सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| | • **बजेट तथा कार्यक्रम** | |
| ८. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री कुमारी राधा ओझा मिति २०७६।३ ।१० गते रु३७ करोड ६५ लाख ८९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।३१। मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।६।८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ९. | **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, | |

बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१०. **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११. **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | ३३७४७७ | ५२२८१ | ९२५३१ | १९२६६५ | ११९९७९ |
| पूँजिगतखर्चर्फ | ८५९१९ | ५३५ | ११६६१ | ७३७२३ | ४६९४४ |
| **जम्मा** | **४२३३९७** | **५२८१६** | **१०४१९३** | **२६६३८८** | **१६६९२२** |
| **प्रतिशत** | **१०० %** | **१२.४७ %** | **२४.६१ %** | **६२.९२ %** | **३३.९४ %** |

नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४२३३९६८४२।२७ निकासा भएकोमा प्रथम चौमासिकमा रु. ५२८१६०८२।५१अर्थात १२।४७ प्रतिशत, दोश्रो चौमासिकमा रु.१०४१९३०८४।२३ अर्थात २४।६१ प्रतिशत र तेश्रो चौमासिकमा रु.२६३३८७६७५।५४ अर्थात.६२।९२प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१६६९२२३३०।२४ अर्थात ३३।९४प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१२. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २७७१०००० | १८७३०७१८।५५ | ६७.६ ० |
| २ | पूर्वाधार विकास | ११५२३५३८०।८० | ६८५६७१११।६२ | ५९.५० |
| ३ | सामाजिक विकास | ३४४७६४३७०।६० | २७५५१८१८८।३ | ७९.९२ |

| | | | | |
|---|---|---|---|---|
| ४ | बातावरण तथा विकास | ५००००।०० | ४७४७४।०० | ९४.९५ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ७३४६४५०।०० | ४०९११९८।६८ | ५५.६९ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ६१८०७०००।०० | ५६४७२१५१।१३ | ९१.३७ |
| | **जम्मा** | **५५६९१३२०१।००** | **४२३४२६८४२।३** | ७६.०१ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ९४.९५ प्रतिशत र घटीमा ५९.५० प्रतिशत रहेको छ ।

१३. **लक्ष्य प्रगति :** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरीय ययोजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

**संगठन तथा कर्मचारी ब्यवस्थापन**

१४. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१५. **तलबी प्रतिबेदन :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका (विषयगत बाहेक) कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

१६. **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१७. **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ९ | ९ | ६ | ३ |

१८. **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार . वटा ऐन, वटा नियमावली र बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ३ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १२८६ |
| मृत्युदर्ता | १५८ |
| बसाईसराई दर्ता | ५० |
| विवाह दर्ता | १५४ |
| सम्बन्धविच्छेद दर्ता | १ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | |
| कालोपत्रे सडक मर्मत | |
| ग्राभेल सडक निर्माण | २ कि.मी |
| ग्राभेल सडक मर्मत | |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१९. **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २४ र यो बर्ष थप भएको ० गरी कुल २४ विवाद दर्ता भएकोमा ७ वटा मात्र फछ्र्यौट भई १७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२०. **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२१. **आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरीक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

- **पदाधिकारी सुविधा**

२२. **पदाधिकारी सुविधा** - सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम

| | | |
|---|---|---|
| | कारबाही शुरु गरेको मिति मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार सुदुरपश्चिम प्रदेश सरकारले प्रभम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा रु १४८३३५०० खर्च लेखेको देखिन्छ । | |
| २३. | **स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु ४३४२५०।सुविधा वापत भुक्तानी भएको छ । | |

| विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष. ९ जना | कार्य पालिका सदस्य जना | सभाका सदस्य ३८ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| बैठक भत्ता | १२३५०। | ११७००। | ९६८००। | | २१०४०० | ३३१२५० |
| यातायात खर्च | २०००। | २०००। | १९०००। | | ८०००। | १०३००० |
| **जम्मा** | **१४३५०** | **१३७००** | **११५८००** | | **२१८४००** | **४३४२५०** |

| | | |
|---|---|---|
| २४. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.२३५०००। आर्थिक सहायता वितरण गरेको छ। आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २५. | **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.८५९१९४७१।०६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २६. | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय—व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ६५०००००। आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु४८२५९९४।२८ अर्थात अनुमान भन्दा प्रतिशत २५.७५ आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २७. | **राजश्व अभिलेख** : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने | |

| | | |
|---|---|---|
| | जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो । | |
| २८. | **राजश्व दाखिला :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वटा वडाले संकलन गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । वडा कार्यालयहरुले निम्नानुसार संकलन गरेको भनिएको राजस्व समेत पालिकामा के कुन मितिमा दाखिला भएको भनी दखिलाको प्रमाणा पेश हुन सकेन | |
| | • **उपभोक्ता समिति मार्फत कार्य** | |
| २९. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| ३०. | **सव कन्ट्याक्टरबाट काम गराएको** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले आफै गर्ने गरी सम्झौता गरेको काम देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराइ भुक्तानी भएको रु ३३८६६६८। नियमित हुनु पर्ने रु | ३३,८६,६६८। |

| उपभोक्ताको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| विशालपुर मा वि फिल्ड निर्माण उ स | १४२३९५। | जय कैपल बाबा खुद्रा पसल वजरंग कन्सट्रक्सन | १७३०४८। |
| एकेकाडा ढणौन सडक उ स | ४६९३७३। | ग्वालेक निर्माण सेवा | ४७५०००। |

| | | | |
|---|---|---|---|
| वागोड लेक सडक | ३०६२२८। | ओजस्वी कन्सटक्सन कम्पनी प्रा ली | ४२९०००। |
| मौरीइजर वर्थिङ्ग सेन्टर सडक | ३८००००। | गंगेश्वर निर्माण सेवा | ३७८५५०। |
| हरडा खान सिम देगडा सडक | ११४८७६२ | गंगेश्वर निर्माण सेवा | ११४८०८०। |
| नगर स्टेडियम फिल्ड कटिङ्ग | ९४००००। | एस के निर्माण सेवा | ९४००००। |
| **जम्मा** | **३३८६६६८** | | |

**सशर्त कार्यक्रमतर्फ**

३१. **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि. नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री मणिलेक मा.वि . | २६ | १३ | १३ | ११२२ |
| २ | श्री विशालपुर मा.वि. | ११ | ६ | ५ | ४१८ |
| ३ | श्री दुर्गा आ. वि. | ३ | ३ | ० | १६८ |
| ४ | श्री शितलपुर मा.वि . | ८ | ४ | ४ | ३७८ |
| ५ | श्री सिंगापुर आ.वि . | २ | ० | २ | ११० |
| ६ | श्री कमलपुर मा.बि. | ५ | ३ | २ | ३९७ |
| ७ | श्री जनचेतना आ.वि. | २ | ० | २ | १४० |
| ८ | श्री जगतम्बा मा.वि . | ६ | ३ | ३ | २३३ |
| ९ | श्री केदारेश्वोर आ.वि . | १ | ० | १ | ५१ |
| १० | श्री दुर्गा मा.वि . | १० | ७ | ३ | ४८४ |
| ११ | श्री नेत्रज्योति आ.वि. | २ | १ | १ | ७८ |
| १२ | श्री गंगेश्वोर आ.वि . | २ | ० | २ | १४५ |
| १३ | श्री शिव आ. वि. | ६ | २ | ४ | २०१ |
| १४ | श्री भरतपुर मा.वि. | ७ | ५ | २ | ३७२ |
| १५ | श्री कोल्ताडा आवि. | २ | ० | २ | ९५ |
| १६ | श्री शारदा आ. वि. | ३ | ३ | ० | १५४ |
| १७ | श्री चन्दनपुर आ.वि . | २ | ० | २ | ८२ |
| १८ | श्री चंद्रपुर आ.वि. | ३ | ३ | ० | १९८ |
| १९ | श्री शिवसंकर आ.वि . | २ | ० | २ | ५० |
| २० | श्री लक्ष्मीपुर आ.वि . | ४ | ४ | ० | १५४ |
| २१ | श्री सुनिलपुर आ.वि . | २ | १ | १ | ५८ |
| २२ | श्री शिद्धेश्वोर आ.वि. | २ | ० | २ | ८६ |
| २३ | श्री धर्मघर मा.वि . | १३ | ६ | ७ | ५१४ |
| २४ | श्री जनचेतना आ.वि. | २ | २ | ० | ५८ |
| २५ | श्री शान्ति प्रकाश आ.वि. | ३ | २ | १ | १०७ |
| २६ | श्री प्रितिपुर मा.वि . | ८ | ३ | ५ | २५३ |
| २७ | श्री पृतीपुर आ.वि. | १ | १ | ० | ३३ |
| २८ | श्री शुदर्सन मा.वि . | ४ | २ | २ | १८२ |
| २९ | श्री केदारेश्वोर मा.वि . | १७ | १४ | ३ | ४२६ |
| ३० | श्री विजयपुर मा.वि . | १४ | ११ | ३ | ३८५ |
| ३१ | श्री केदार आ.वि. | ३ | १ | २ | १७१ |
| ३२ | श्री कोटेश्वोर आ.वि. | ३ | ३ | ० | १५० |
| ३३ | श्री भूमिराज आ.वि. | ३ | ० | २ | ३२ |
| ३४ | श्री नवज्योति आ.वि. | ० | ० | ० | ४३ |
| ३५ | श्री निलपाल आ.वि. | २ | ० | २ | १२३ |
| ३६ | श्री केदार आ.वि. | ० | ० | ० | ३४ |

| | | | | |
|---|---|---|---|---|
| ३७ | श्री जनचेतना आ.वि. | ० | ० | ० | ३१ |
| ३८ | श्री नैनेश्वोरी आ.वि . | ० | ० | ० | २७ |
| ३९ | श्री सुनौलो आ. वि. | ० | ० | ० | ३२ |
| ४० | श्री लक्ष्मीपुर आ.वि . | ३ | २ | १ | ५७ |
| ४१ | श्री गोपान्चल आ.वि. | ३ | १ | २ | ५० |
| ४२ | श्री सरस्वति आ.वि. | २ | ० | २ | ११६ |
| ४३ | श्री ग्वाल्लेक आ.वि. | २ | २ | ० | ७२ |
| ४४ | श्री भुवनेश्वोर आ.वि. | २ | ० | २ | ७३ |
| ४५ | श्री भावानिस्थान आ.वि . | ३ | ३ | ० | ६३ |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

३२. **दिवा खाजा बढी निकासा** - सामुदयिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ अनुसार यस नगरपलीका अन्तर्गतका ४५ सामुदयिक विधालयका वाल विकास देखी ५ कक्षा सम्म अध्ययन गर्ने विधार्थीहरुका लागि दैनिक रु १५। का दरले दिवा खाजा प्रदन गर्ने व्यवस्था गरिएको छ । सोही वमोजिम यो वर्ष निम्न विधालयहरुलाइ दिवा खाजा वापतको भुक्तानी दिएकोमा कार्यालयले सो भुक्तानीको गणना विवरण संलग्न गरेको पाइएन । भने सम्वन्धित विधालयले पेश गरेको माग फारमलाइ आधार मान्दा पनि सो माग फाराम अनुसारको रकम सग भुक्तानी रकम भिडेको पाइएन । साथै केही विधालयहरुको माग फाराम पनि सलग्न नभएको र कार्यालयले गणाना गरेको विवरण पनि सलग्न भएको पाइएन। प्रमाणा वेगर भुक्तानी भएको निम्न विधालयको दिवा खाजा वापतको रकमको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु. ७७४७७५।

| सि. नं. | विद्यालयको नाम | भुक्तानी दिएको रकम | माग पारम अनुसार हुने रकम | वढी निकासा दिएको रकम |
|---|---|---|---|---|
| १ | श्री मणिलेक मा.वि . | ८२३५०. | ३९३३०. | ४३०२०. |
| २ | श्री दुर्गा आ. वि. | ७१०५५. | ३८२९५. | ३५७६०. |
| ३ | श्री सिंगापुर आ.वि . | ७३४४०. | ३६७२०. | ३६७२०. |
| ४ | श्री जनचेतना आ.वि. | ८३५६५. | ३५६५०. | ४७९१५. |
| ५ | श्री दुर्गा मा.वि . | ६९५२५. | ६५८०५. | ३७२०. |
| ६ | श्री नेत्रज्योति आ.वि. | ५०७९०. | २४१५०. | २६६४०. |
| ७ | श्री गंगेश्वोर आ.वि . | ६८३८५. | ३३४६५. | ३४९२०. |
| ८ | श्री शिव आ. वि. | ८२५३०. | ७११६०. | ११३७०. |
| ९ | श्री कोल्ताडा आवि. | ८००४०. | ० | ८००४०. |
| १० | श्री शारदा आ. वि. | ६५४९०. | ६२१७५. | ३३१५. |
| ११ | श्री चन्दनपुर आ.वि . | ५२३०५. | ५०२९५. | २०१०. |
| १२ | श्री शिवसंकर आ.वि . | २९६१०. | १४४९०. | १५१२०. |
| १३ | श्री लक्ष्मीपुर आ.वि . | १०१५६५ | ० | १०१५६५ |
| १४ | श्री शिद्धेश्वोर आ.वि. | ४३००५. | २१०४५. | २१९६०. |
| १५ | श्री धर्मघर मा.वि . | ६६६४५. | ६२८३५. | ३८१०. |
| १६ | श्री जनचेतना आ.वि. | २६३२५. | ० | २६३२५ |
| १७ | श्री विजयपुर मा.वि . | ६४३९५. | २४७९५. | ३९६००. |

| | | | | |
|---|---|---|---|---|
| १८ | श्री कोटेश्वोर आ.वि. | ६२७७५. | ० | ६२७७५. |
| १९ | श्री भूमिराज आ.वि. | १६१००. | ० | १६१००. |
| २० | श्री नवज्योति आ.वि. | ६३५८५. | ० | ६३५८५. |
| २१ | श्री निलपाल आ.वि. | ९५८५०. | ४८४६५. | ४७३८५. |
| २२ | श्री केदार आ.वि. | २०८२०. | ९६६०. | ११९६०. |
| २३ | श्री जनचेतना आ.वि. | २५७८५. | १२८२५. | १२९६०. |
| २४ | श्री नैनेश्वोरी आ.वि . | १७६२५. | ८६२५. | ९०००. |
| २५ | श्री भावानिस्थान आ.वि . | ३३३९०. | १५३९०. | १८०००. |
| | जम्मा | | | ७७४७७५. |

| | | |
|---|---|---|
| ३३. | **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ। कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा खानेपानी तथा सरसफाइ कुलो निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३३१ जनालाई रोजगारी उपलव्ध गराई रु.५४८३२८१। खर्च गरेको छ । लक्षित वर्गलाई २५ दिनदेखि ५२ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| | **समानीकरण पूँजिगततर्फ** | |
| ३४. | **नतिजामुखी योजनाः-** छनौट भएका योजनाले अपेक्षित नतिजा प्राप्त हुनुपर्दछ । नगरपालिकाले छनौट गरेको धापावली खानेपानी टंकी निर्माण गर्न उपभोक्ता समिति मार्फत कार्य गरी रु. १५६७७०/- भुक्तानी गरेकोमा टंकी सम्म पानी ल्याउने तथा वितरण च्यानलहरु बनाएको तथा बनाउने कार्यहरु समेत भएको पाईएन । पानीको मुहान बिबादको कारण वितरण च्यानलहरु फरक परेको भन्ने मौखीक जवाफ लेखापरीक्षणको क्रममा पाईयो । कुनै पनि योजना संचालन हुनुपुर्व संभावित विवादको निरुपण गरी लगानीको नतिजा दिने गरी योजना छनौट तथा कार्यान्वयन हुनुपर्ने देखिन्छ । यस योजना सम्बन्धमा योजना सिफारिस, छनौट तथा कार्यान्वयन गर्ने जिम्मेवार बनाउनु पर्ने रु. | १५६७७० /- |
| ३४.१ | **सडक बोर्डः-** सडक बोर्ड तर्फ यो बर्ष रु. ४०६०२६८.४०/- खर्च भएकोमा सडक बोर्डबाट रु. २९९९९९९.६६/- र बाँकि रु. १०६०२८६.७४/- नरगपालिका तर्फबाट भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् । | |
| ३५. | **पूर्व निर्धारीत क्षतिपूर्तिः-** सम्झौताको शर्त नं. ६.४ मा सम्झौता अवधीमा कार्य सम्पन्न नभएका सम्झौता सम्मको दैनिक ०.०५ प्रतिशन वा बढीमा १० प्रतिशत मध्ये जुन घटी हुन्छ सो रकम पूर्व निर्धारीत क्षतिपूर्ति असुल गर्ने उल्लेख छ । यस कार्यक्रम अन्तर्गत निम्नानुसार ६ निर्माण व्यवासायी सँग २०७६।०२।०६ मा २०७६।०३।१५ भित्र कार्य सम्पन्न हुने गरी सम्झौता | |

<table>
<tr><td></td><td>भएकोमा २०७६।०३।३० मा कार्य सम्पन्न भई १५ दिन ढिला कार्य सम्पन्न भएको पाईयो । यसरी ढिला कार्य सम्पन्न गरेकोले सम्झौता अनुसार पूर्व निर्धारित क्षतिपूर्ति असुल हुनुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>कार्यको विवरण</th><th>निर्माण व्यवसायी</th><th>मु.अ. कर बाहेक सम्झौता रकम रू.</th><th>असुल हुनुपर्ने पूर्व ,निर्धारित क्षतिपूर्ती रू.</th></tr>
<tr><td>१</td><td>काडा बजार — लामालेक सडक मर्मत</td><td>किशोर निर्मा सेवा</td><td>९९७५३३</td><td>७४८१/_</td></tr>
<tr><td>२</td><td>तिन जोर्ना — हरड खाना सडक मर्मत कोल्तडी सडक मर्मत</td><td>गंगेश्वर बेताल निर्माण सेवा</td><td>५२२४७८/-</td><td>३९५६/_</td></tr>
<tr><td>३</td><td>हरडाखान — सिमदोगडा सडक मर्मत</td><td>शाही निर्माण सेवा</td><td>३८७५६६/-</td><td>२९०७/-</td></tr>
<tr><td>४</td><td>सलेना रिठेगाडा दुर्गास्थान सडक मर्मत</td><td>बजरंग कन्स्ट्रक्सन</td><td>१०५२२०७/_</td><td>७८९२/-</td></tr>
<tr><td>५</td><td>घेरलु — जर्कु सडक मर्मत</td><td>मेलौली निर्मा सेवा</td><td>३७२००९/_</td><td>२९९०/_</td></tr>
<tr><td>६</td><td>स्वाखानी नेत्रज्योती चापाँगाँउ सडक</td><td>पंचेश्वर निर्माण सेवा</td><td>३४१४४२/-</td><td>२५६१/-</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२७७८७/-</td></tr>
</table></td><td>२७७८७/-</td></tr>
<tr><td>३६</td><td>सूर्नया लघु जलविद्दुत् आयोजनाः- परामर्शदाता ग्रेट नेपाल प्रा.ली. बाट तयार भई अक्टोबर १६, २०१६ मा स्वीकृत विस्तृत आयोजना प्रतिवेदन (DPR) अनुसार उक्त समयमा रु. ५५१३१०६७/- लागत अनुसारको सूर्नया लघु जलविद्दुत् आयोजना मा यो बर्ष उपभोक्ता समिति मार्फत कार्य गर्ने गरी स्थानीय विकास साझेदारी कार्यक्रम (संघीय सरकार) तर्फबाट रु. २९३६१६१.४० को लगत अनुमान स्वीकृत गरी झण्डै २०० मिटर नहर निर्माणको कार्य गरी रु २३,७५,००० भुक्तानी गरेको छ भने आ.व. ०७५।७६ मा स्वीकृत रु ८०,००,००० लागत अनुमानको कामको लागी रु. ४२११७३१.४२ ठेक्का मार्फत निर्माण व्यवसायी भुमिराज कन्सट्रक्सनले दोश्रो चालु विल सम्म रु ३५,४२,२४३।८२ भुक्तानी भएको छ भने तेश्रो तथा अन्तिम विल वापत भुक्तानी दिने भएको छ भने उक्त अन्तिम बिल बापत भुक्तानी दिन बाँकि रु. ५२४८८३/- समेत ४०६७१२६. ८२ खर्च भएको देखिन्छ । कन्सट्रक्सनले दोस्रो चालु बिल सम्म रु. ३५४२२४३.८२ भुक्तानी भई सेटलिन वेरिन र हेड रेस प्यानल निर्माण गरेको पाईयो । उक्त आयोजनामा अन्य एजेन्सी वा डि.पि.आर. स्वीकृत पछी हाल सम्म भएको खर्च देखिने विवरण यस कार्यालयमा रहेको पाईएन । स्वीकृत डि.पि.आर. बमोजिम गर्नुपर्ने कामको लागत अनुमान अद्दावधीक गरी बहु बर्षिय गुरु योजना / खरिद गुरुयोजना स्वीकृत गरी प्रतिस्प्रधात्मक र मितव्ययी रुपमा कार्य हुनुपर्नेमा आयोजनाको स्वीकृत डि.पि.आर. बमोजिम को कार्य खण्ड/ खण्ड गरी केही खण्ड उपभोक्ता समिति तथा केही खण्ड उपभोक्ता समिति तथा केही खण्ड ठेक्का मार्फत भएको छ । यस सम्बन्धमा लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।</td><td></td></tr>
<tr><td>३६.१</td><td>डि.पि.आर. बमोजिम बहुबर्षिय गुरुयोजना स्वीकृत गरी स्रोत सुनिश्चितता गरेर बहुबर्षीय खरिद योजना बनाई सोही बमोजिम प्रतिस्प्रधात्मक रुपमा निर्माण कार्य हुनुपर्नेमा गुरुयोजना स्विकृत तथा सुनिश्चतता वेगर समग्र कार्यलाई खण्ड खण्डमा खण्डीकरण गरी कुनै खण्डमा उपभोक्ता समितिबाट कार्य हुँदा काममा दोहोरोपना पर्न सक्ने , आयोजना सम्भाव्यताको सुनिश्चतता नभई गरेको लगानीको प्रतिबद्धता प्राप्ती नहुने देखिन्छ । तसर्थ श्रोत सुनिश्चतता गरेर प्रतिस्पर्धा र मितव्ययी रुपमा कार्य सम्पन्न हुनेगरी आयोजना व्यवस्थापन तथा कार्यान्वयन हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३६.२</td><td>आयोजनाको डि.पि.आर. स्वीकृत पछी भएका खर्चहरु समेत देखीने गरी अभिलेख व्यवस्थापन</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | नभएकोले उक्त खर्चहरु देखिने गरी अभिलेख राखी अन्य निकायबाट (संघ/प्रदेश अन्तर्गतका) हुने कार्यमा समेत समन्वय हुनुपर्दछ । | |
| ३६.३ | आ.व. २०७५।०७६ मा भएको ठेक्का व्यवस्थापन अनुसार लागत अनुमानको रु. ८०,००,०००/_ तुलनामा ४७.३५ प्रतिशतले घटी कबोलमा निर्माण व्यवसायी भुमिराज समैजी निर्माण सेवा बाट सम्झौता भएकोमा सोही कार्यको अर्को खण्डमा नहरको काममा उपभोक्ता समिति बाट लागत अनुमानकै दरमा कार्य भएको देखिन्छ ।रु. ३०९२०९४.०४ को कार्यलाई रु. २३७५०००/- भुक्तानी २३.१९ प्रतिशत भएको अवस्थामा १५ प्रतिशत ओभरहेड र २३.१९ प्रतिशत जनसहभागीताको लागतलाई घटाउदा समेत उपभोक्ता समिति बाट भएको कार्य ९.१६ प्रतिशत हुने रु. २८३२३६/- बढी ब्यभार पर्ने देखीएको रु | २,८३,२३६/- |
| ३६.४ | आ.व. २०७५।०७६ मा उपभोक्ता समिति सँग कार्य गर्ने गरी सम्झौता भई रु. ३८२०००/- (उपभोक्ता समिति अध्यक्ष देवराज जोशी) पेश्की लगेकोमा उक्त पेश्कीको काम भई फर्छयौट् भएको देखिदैंन । पेश्की लगी काम नगर्ने सँग सरकारी बाँकि सरह असुल गरी पेश्की फर्छयौट् हुनुपर्ने रु. | ३८२०००/- |
| ३७ | **आइटम भेरिएसन-** सार्वजनीक खरिद नियमावली २०६४ को नियम बमोजिम २५ प्रतिशत भन्दा बढी आइटम भेरिएसन देखि प्रदान गर्न नहुने उल्लेख भएकोमा कार्यालयले निम्न ठेक्कामा २५ भन्दा बढी आइटम भेरिएसन भएकोमा प्राविधिक पुष्टाई सहित भेरिएसन स्वीकृत नभएको पाईयो । यसमा केही उदाहरणहरु निम्नानुसार छन् । | |

| सि नं. | योजन को काम | निर्माण व्यवसायी | आइटम | इकाई | वि व क्यू परिमाण | खुद काम | भेरिएशन प्रतिशत | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | लामाले खलिड तिताबै सडक | प्रमोद कन्सट्रस्न | सफाई कार्य | व मि | ३३१८ | ६१५० | ८५.३५ | २६.७९ |
| | | | सडक खन्ने | घ मि | ७३०६२ | २९१९३ | ६०० | ३८.५४ |
| | | | | घ मि | ७४० | १२७१६ | ६१७ | ९४ |
| | | | | घ मि | ४६.२४ | ४२३३ | | १६४.५ |
| | | | फाउन्डसन बनाउने | घ मि | ४२५६ | - | १०० | ४७ |

| | | |
|---|---|---|
| ३७.१ | वि.ओ क्यू तयारी गर्दा स्वीकृत डि पि आर वमोजिम नभएको डि पि आरमा नरम चट्टान ४० प्रतिशत कडा चट्टान ५ प्रतिशत ढुंगा माटो मिसिएको ५० प्रतिशत भएकोमा लागत अनुमान गर्दा फरक पारेको छ भने सडकको औसत चौडाइ ३ मिटर रहेको देखिन्छ । यस वाट ट्रयाक ओपन भएको उक्त सडकमा सार्वजनिक सवारी साधन गुडन सक्ने अवस्था देखिदैन । | |
| ३७.२ | वि.ओ क्यू आइटममा नियमानुसार २५ प्रतिशत भन्दा वढि भेरिएशन भएकोमा प्राविधिक पुष्टयाइ समेत भेरिएशन आदेश स्वीकृत भएको नदेखिएकोले उल्लेखित आइटममा भएको भेरिएशन स्वीकृत हुनु पर्दछ । | |
| ३७.३ | कुनै पनि स्टक्चरको काम नै नहुने अवस्थामा स्टक्चरको जग खन्ने कामको लागि वि व क्यू मा ४२५६ घ मि आइटम राखी काम नै नभएको देखिन्छ । यस अवस्थाले स्वीकृत डि पी आर र लागत अनुमान तयारी तथा वि व क्यूमा परिमाण विश्लेशण गर्ने कामामा पनि तादम्यता देखिदैन । | |

| | | |
|---|---|---|
| ३८ | **अफिस बिल्डीङ्गमा तला थपः-** २०७७।०३।०१ मा कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी न्यु हुनैनाथ निर्माण व्यवसायी न्यु हुनैनाथ निर्माण सेवा सँग २०७६।११।०७ सम्झौता भएकोमा उक्त ठेक्काको सम्बन्धी कार्य गर्न मु.अ. कर समेत रु. १३१७२५५१.७१ लागत अनुमान स्वीकृत भएको कार्यालय भवनको तला थप म्याद नगर कार्यपालिकाको मिति २०७७।०४।३२ को निर्णयले ६ महिना (२०७७।१०।३२) सम्म म्याद थप भएको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः | |
| ३८.१ | *NCC* बैकं बाट जारी भएको अग्रीम पेश्की जमानत को म्याद अगस्ट २, २०२० मा समाप्त भएको तर निजलाई दिएको पेश्की रु. १३,३६०००/- फर्छ्यौट हुन बाँकि देखिन्छ भने निर्माण व्यवसायी कार्यालयमा परिचालित नभएको अवस्था छ । तसर्थ जमानत बापतको रकम असुल गरी पेश्की फर्छ्यौट हुनु पर्ने रु. | १३३६०००/- |
| ३८.२ | नगर कार्यपालिकाको कम्पाउन्डमा निर्माण सामाग्री यत्रतत्र छरिएको तर निर्माण व्यवसायीले काम रोकेको अवस्था देखीएकोले सेवा प्रवाह र कार्यालयको सौन्दर्यमा समेत असर परेकोले पालिकाले पहल गरी यथासिघ्र निर्माण सम्पन्न गर्नुपर्दछ । | |
| ३९ | **व्यापारिक भवन निर्माणः-** नगरपालिकाको व्यापारीक भवन निर्माण गर्न निर्माण व्यवसायी ***M.K.*** विल्डर्स एण्ड कन्सट्रक्सन न्यू केदार जे.भी. सँग मु.अ. कर र प्रोभिजनल सम्म समेत रु. १९२७८३९७.४३ मा २०७८।०५।२० मा कार्य सम्पन्न गर्ने गरी २०७६।११।२० मा सम्झौता भएको छ । यस सम्बन्धमा देखिइका व्यहोरा निम्नानुसार छन् । | |
| ३९.१ | निर्माण व्यवसायीले *NCC* बैङ्क बाट जनवरी १०, २०२१ सम्म म्याद भएको अग्रिम जमानत को आधारमा रु. ३०,००,०००/- पेश्की दिएकोमा पेश्की फर्छ्यौट तथा जमानतको म्याद थप गरेको नदेखिएकाले उक्त पेश्की रकम असुल गरी फर्छ्यौट हुनुपर्ने रु. | ३०,००,०००/- |
| ३९.२ | उक्त भवन निर्माण गर्न ***M.K.*** विल्डर्सको ७०प्रतिशत र श्रीकेदार दोगडाको ३० प्रतिशत शेयर रहने गरी संयुक्त रुपमा सम्झौता भएको र मुल पार्टनरलाई अख्तियारी दिएकोमा कार्यक्षेत्रमा दोस्रो पार्टनरले काम गरेको देखीएकोले ***Standard Bid document*** मा उल्लेख गरे बमोजिमको योग्यता र कार्यक्षेत्रमा उक्त योजनाको उपयोग नहुदाँ कामको गुणस्तर र दक्षतामा असर पर्ने देखिन्छ । तसर्थ लिड पार्टनर कार्यक्षेत्रमा उपस्थित भई स्पेशिकेशन बमोजिमको गुणस्तरीय कार्य तोकिएको म्याद भित्र सम्पन्न हुनुपर्दछ। गुणस्तरीय कार्य गर्न गुणस्तर आश्वस्तता योजना (QAP) पेश नभएको पेश गर्न लगाई सोहि बमोजिम गुणस्तर नियन्त्रण व्यवस्था हुनुपर्ने देखिन्छ। | |
| ३९.३ | निमार्णको क्रममा रहेको उक्त भवनको ढलान भएको पिलरहरु स्थलगत अवलकोन गर्दा हनी कम्बस देखिएकोले त्यसलाई सुधार गर्न लगाउनुपर्ने उच देखिन्छ। | |
| ३९.४ | ठेक्काको म्याद थप : सम्झौताको शर्त अनुसार पुर्वनिर्धारित समयमा कार्यसम्पन्न हुनुपर्दछ। यस न.पा अन्तर्गत संचालित १७ ठेक्काहरुको म्याद नगरपालिकाको मिति २०७७।४।३२ को निर्णयले ठेक्काहरुको म्याद एकमुष्ठ रुपमा थप गर्ने निर्णय गरेकोमा कुन ठेक्काको म्याद कति अवधि थप गरेको हो सो कारण र नियमानुसारको निवेदन संलग्न गरेको छैन भने कार्यसम्पादन जमानतको म्याद थप समेत भएको छैन। | |
| ४०. | **कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूंजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले कट्टी गर्ने गरेको भएता पनि कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी खर्चको अभिलेख नराखेकोले यसको विश्लेशण गर्न सकिएन । | |

<table>
<tr><td>४१.</td><td>कार्य सम्पन्न प्रतिवेदन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन तथा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।</td><td></td></tr>
<tr><td>४२.</td><td>सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४३.</td><td>भ्रमण खर्च : सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>
• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>
• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>
• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>
• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>
• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>
अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४४.</td><td>सामाजिक सुरक्षातर्फ : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७२ को परिषद् ४ को १६ (ख) अनुसार भत्ता वितरण गर्दा सम्बन्धित व्यक्तिलाई मात्र वितरण गर्नु पर्ने वा निजको व्यक्तिगत नाममा बैंकमा खोलिएको सामाजिम सुरक्षा विशेष बचत खातामा उल्लेखित म्याद भित्र जम्मा गरीदिनुपर्नेछ । अन्य व्यक्तिलाई वितरण गरेको पाइएमा यसरी वितरण गर्ने र रकम बुझ्ने दुवैलाई प्रचलित कानून बमोजिम कारवाही हुने उल्लेख छ । कार्यालयले निम्नानुसारको वडामा भक्ता वितरण गर्दा मृत्यु भई लगत कट्टा गर्नुपर्ने लाभग्राहीलाई समेत निम्नानुसारको चौमासिकमा भुक्तानी गरेकाले सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.
<table>
<tr><th>वडा नं.</th><th>नाम</th><th>भत्ता प्रकार</th><th>बढी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>जोगि चन्द</td><td>जेष्ठ नागरीक</td><td>९०००.००</td><td>दोस्रो चौमासिक</td></tr>
<tr><td>१</td><td>मोहन सिंह नेगी</td><td>जेष्ठ नागरीक</td><td>९०००.००</td><td>दोस्रो चौमासिक</td></tr>
<tr><td>१</td><td>मोहन सिंह नेगी</td><td>जेष्ठ नागरीक</td><td>१२०००.००</td><td>तेस्रो चौमासिक</td></tr>
<tr><td>१</td><td>बहादुर सिंह नायक</td><td>जेष्ठ नागरीक</td><td>६०००.००</td><td>दोस्रो चौमासिक</td></tr>
<tr><td>१</td><td>इन्द्र सिंह नायक</td><td>जेष्ठ नागरीक</td><td>१२०००.००</td><td>प्रथम चौमासिक</td></tr>
<tr><td>१</td><td>इन्द्र सिंह नायक</td><td>जेष्ठ नागरीक</td><td>१२०००.००</td><td>दोस्रो चौमासिक</td></tr>
</table></td><td>११९८००।</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १ | इन्द्र सिंह नायक | जेष्ठ नागरीक | १२०००.०० | तेस्रो चौमासिक |
| ७ | प्रताप सिंह रावत | जेष्ठ नागरीक | ३०००.०० | तेस्रो चौमासिक |
| ४ | हजारी चन्द | जेष्ठ नागरीक | १२०००.०० | तेस्रो चौमासिक |
| १ | पार्वति दयाल | दलित बालबालिका | १६००.०० | प्रथम चौमासिक |
| १ | धौली नायक | विधवा भत्ता | ८०००.०० | तेस्रो चौमासिक |
| १ | राम सिंह नायक | जेष्ठ नागरीक | १२०००.०० | तेस्रो चौमासिक |
| १ | अन्जली दयाल | दलित बालबालिका | १६००.०० | तेस्रो चौमासिक |
| १ | पार्वति दयाल | दलित बालबालिका | १६००.०० | तेस्रो चौमासिक |
| २ | किशोर राम कामी | दलित बालबालिका | १६००.०० | प्रथम चौमासिक |
| २ | किशोर राम सार्की | दलित बालबालिका | १६००.०० | दोस्रो चौमासिक |
| २ | दिपिका लोहार | दलित बालबालिका | १६००.०० | दोस्रो चौमासिक |
| ४ | गंगा लोहार | दलित बालबालिका | १६००.०० | प्रथम चौमासिक |
| ५ | प्रविन सार्की | दलित बालबालिका | ८००.०० | तेस्रो चौमासिक |
| ७ | करण बि.क | दलित बालबालिका | ८००.०० | प्रथम चौमासिक |
| **जम्मा** | | | **११९८००.००** | |

४५. समाजिक सुरक्षा कार्यक्रम सन्चालन कार्यविधि २०७२ को परिच्छेद ७ मा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष रु ६ करोड ९१ लाख ६२ हजार सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा कार्यविधिको व्यवस्था अनुसार बैंक मार्फत भत्ता वितरण गरेको पाइएन । कार्यविधिमा भएको व्यवस्था अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

४६. सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ ।

४७. **बढी व्ययभार** : सार्वजनिक खरिद ऐन,२०६३ को प्रस्तवानामा सार्वजनिक खरिद प्रक्रियामा मितव्ययी तथा विवेकपुर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्नुपर्ने उल्लेख छ । पालिकाले सेनिटरी प्याड खरिद गर्ने कार्यमा सिलबन्दी दरभाउपत्र मार्फत खरिद गरेको मुल्यमा भन्दा बढी व्ययभार हुने गरी सोझै खरिद गर्ने कार्य सार्वजनिक खरिद ऐनको मर्म विपरित बढी व्ययभार परेको रु — २२४१०९।८९

| **सप्लायर्स** | **शिलबन्दी दरभाउपत्रको दर** | **सोझै खरिदको दर** | **बढी दर** | **परिमाण** | **रकम** |
|---|---|---|---|---|---|
| युनिभर्सल लाइफ केयर प्रा.लि | ३४.५ | ६९.७१ | ३४.४१ | ६३२९ | २२४१०९.८९ |

**कृषि / पशु तर्फ**

४८. **सहभागी भत्ता :** कार्य संचालन निर्देशिका २०७५ को ७.१.१५ मा प्रशिक्षार्थी छनौट गरी वा नगरी संचालन गरिएको जुनसुकै प्रकारको तालिम, गोष्टी को सहभागीहरुलाई सहभागी भत्ता उपलब्ध नगराउने भन्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको कार्यकममा निर्देशिका विपरीत सहभागि भत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु

| **गो.भो.न । मिति** | **कार्यक्रमको नाम** | **खर्च रकम** |
|---|---|---|
| ३२/७७/१/१० | सरोकारवालाहरुसंग १ दिने अन्तरकिया गोष्टी (कृषि) | ३६०००.०० |
| | अगुवा कृषक तालिम | ३९०००.०० |
| | उधघाटन सत्रमा सहभागि ( अगुवा कृषक तालिम ) | ८०००.०० |
| | **जम्मा** | **८३०००.००** |

४९. **सहभागि यातयात खर्च** : कार्य संचालन निर्देशिका २०७५ को ७.१.१५ मा सहभागिको आते जाते खर्चको सम्बन्धमा सार्वजनिक यातयात चल्ने स्थानमा न्युनतम भाडा पाउने र सार्वजनिक यातयात नचल्ने स्थानमा आतेजाते गरी दुई दिन सम्मको लागि रु २०० का दरले दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको तालिममा निर्देशिका विपरीत सहभागी यातयात खर्च लेखेको नियमसम्मत नपाइएको रु — ३०,३००।

| गो.भो.न । मिति | कार्यकमको नाम | कार्यकम मिति | संख्या | भुक्तानी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ३२/७७/१/१० | एक दिने पशु तालिम | २०७६/१२/१ | २५ | ५०० | ७५०० |
| ३२/७७/१/१० | एक दिने पशु तालिम | २०७६/१०/२२ | २६ | ५०० | ७८०० |
| ३२/७७/१/१० | एक दिने पशु तालिम | २०७६/८/४ | २६ | ५०० | ७८०० |
| ५७/७७/३/२३ | एक दिने पशु तालिम | २०७७/३/३१ | २४ | ५०० | ७२०० |
| | **जम्मा** | | | | **३०३००.००** |

५०. **<u>मूल्य अभिवृद्धि कर कट्टी</u> :-** आर्थिक विधेयक २०७६ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा गरेको संशोधनको व्यवस्थ साथै मुल्य अभिवृद्धि कर नियमावली, २०५३ मा भएको २१ औं संशोधनले नियम ६(ख) पछि थपिएको नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का संभौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु वा सेवाको वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था उल्लेख भएकोमा निम्नानुसारको भुक्तानीमा ५०% ले हुने मु.अ.कर रकम दाखिला नभएकोले मु.अ.कर समायोजन पेश हुनुपर्ने अन्यथा दाखिला हुनुपर्ने रु. **१५,६००।**

| गो.भौ.नं./ मिति | सेवा प्रदायकको नाम | भुक्तानी रकम | मु.अ.कर | ५० प्रतिशत मु.अ.कर कट्टी गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| ४३३/७७/३/२ | सुविसु केवलनेट प्रा.लि | २४००००.०० | ३१२०० | १५६००.०० |
| **जम्मा** | | | | **१५६००.००** |

५१. **कार्यालय सामान-** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ वमोजिम सार्वजनिक निकायले मालसामान खरिद सम्वन्धि कारवाही शुरु गर्नु अघि सम्वन्धित सार्वजनिक निकायको खरिद इकाइवाट खरिद माग संकलन गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ४० वमोजिम वार्षिक रुपमा २० लाख सम्मको मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्रको माध्यम अपनाउनु पर्ने व्यवस्था छ । तर यस पालिकावाट विभिन्न फर्म तथा आपूर्तकवाट विभिन्न मितिमा रु १२ लाख ७६ हजार को ९ थान ल्यापटप र ५ थान डेस्कटप पटक पटक सोभै खरिद गरेको नियमावली सम्मत पाइएन ।

५२. **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक ,हस्तान्तरण -** स्थानीय सरकार सञ्चाल ऐन२०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी , ,सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेखमर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः

५२.१ पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेकोअभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण अभिलेख राख्नु पर्दछ ।/गराउनु/गर्नु

**पेश्की बाँकी :**

५३. **मोबिलाइजेशन पेश्की :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम (१) मा निर्माण व्यवसायीलाई खरिद सम्झौतामा व्यवस्था भए बमोजिम पेश्की दिन सकिने उल्लेख छ । उपनियम (५) मा उक्त पेश्की सम्झौतामा उल्लेख भएबमोजिम प्रत्येक रनिङ्ग बिल बाट कट्टा गर्नुपर्ने समेत व्यवस्था छ । निम्न निर्माण व्यवसायीलाई सम्झौता अनुसार दिएको म्याद नाघेको पेश्की आ.व. को अन्त्य सम्म फच्र्छौट नभएकोले सम्झौता बमोजिम फच्छ्यौट हुनुपर्ने रु ७२०००००।

| निमार्ण व्यवसायीको नाम | पेश्की रकम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|
| न्यु हुनैनाथ निर्माण सेवा | १,३३६,००० | १,३३६,००० | |
| न्यु हुनैनाथ निर्माण सेवा | २००,००० | २००,००० | |
| निशा एण्ड मनिषा निर्माण सेवा | १,०००,००० | | १,०००,०००। |
| निशा एण्ड मनिषा निर्माण सेवा | १,०००,००० | | १,०००,०००। |

| | | | |
|---|---|---|---|
| एम.के. बिल्डर्स एण्ड कन्स्टक्सन न्यू श्रीकेदार जे.भी. | २,०००,००० | | २,०००,०००। |
| एम.के. बिल्डर्स एण्ड कन्स्टक्सन न्यू श्रीकेदार जे.भी. | १,०००,००० | | १,०००,०००। |
| न्यु हुनैनाथ निर्माण सेवा | २००,००० | | २००,०००। |
| प्रमेद कन्सट्रक्सन | २,०००,००० | | २,०००,०००। |
| | जम्मा | | ७,२००,०००। |

५४. **कर्मचारी पेश्की** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ अनुसार पेश्की दिने र पेश्की फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले देहायको कर्मचारीको भ्रमण पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको छैन् । नियमावलीमा व्यबस्था भए बमोजिम अबिलम्बम्याद नाघेको पेश्की फछ्र्यौट गर्नु पर्ने रु — ११५१२२५।

| कर्मचारीको नाम | पेश्की रकम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|
| अर्जित दत्त भटट | ९०,००० | | ९०,००० |
| सुरेन्द्र दत्त भट्ट | १०८००० | १०८००० | |
| राज बहादुर चन्द | १३२००० | | १३२००० |
| निर्मला बैज | ४२,००० | ४२,००० | |
| कैलाश चौधरी | ६६,००० | ६६,००० | |
| चिन्तामणि भट्ट | ४२,००० | | ४२,००० |
| मनोज न्यौपाने | ९६,००० | | ९६,००० |
| अनिता चन्द | ६०,००० | ६०,००० | |
| लोकराज जोशी | ३६,००० | | ३६,००० |
| सुरत पार्की | ४५५,२२५ | | ४५५,२२५ |
| रोहित भट्ट | ३००,००० | | ३००,००० |
| | **जम्मा** | | **११५१२२५** |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) मा उपभोक्ता समिति सँग सम्झौतामा सार्वजनिक निकायले उपभोक्ता समीति वा लाभग्राही समुदायलाई उपलब्ध गराउने पेश्की रकम उल्लेख गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्त्य भित्र पेश्की रकम म्याद नाघेको पेश्की असुल फछ्र्यौट हुनु पर्ने रु — ५,००,०००।

| लाभग्राहीको नाम | पेश्की रकम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|
| लामालेक पेल्या तिताबै पर्यटकीय सडक खण्ड ख | ८,००,००० | ८,००,००० | |
| अटयाल र नानीगाड झो.पु, मेलौली नगरपालिका, बैतडी | ७००,००० | ७००,००० | |
| अटयाल र नानीगाड झो.पु, मेलौली नगरपालिका, बैतडी | ७००,००० | ७००,००० | |
| पेल्या लामालेक खानेपानी | १५६,७५० | १५६,७५० | |
| चम्कामाण्डौ घट्ट निर्माण योजना | ५०,००० | ५०,००० | |
| आर्युबैध अस्पताल निर्माण | १५०,००० | १५०,००० | |
| भोरीवटा डोजर खानेपानी योजना | ३००,००० | ३००,००० | |
| धनाघाट धूङयाडी खानेपानी योजना | ९०,००० | ९०,००० | |
| गैराखोला खा.पा. निर्माण | १५०,००० | | १५०,००० |
| थाम सिचाई योजना | १५०,००० | १५०,०० | |
| खोप केन्द्र निमार्ण | ३५०,००० | | ३५०,००० |
| | जम्मा | | ५००,००० |

## मेलौली नगरपालिकाको संचितकोष विवरण

अनुसुची-१

## २०७६/७७

(रु.हजारमा)

| जिल्ला | स्थानीय तह | लेखापरीक्षण रकम | बेरुजू | प्रतिशत | आय | | | | | | व्याय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| बैतडी | मेलौली नगरपालिका | ५७३०७९ | १७३३५ | | ५१६१० | ३७८४४३ | ४७४३ | ४८२६ | ९०७१७ | ५७३०७९ | ३३७४७७ | ८५९१९ | ३८६४७ | ४६२०४३ | १११०३६ |

## बेरुजु बर्गिकरण( विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार)

अनुसुची-२

## २०७६/७७

(रु.हजारमा)

| जिल्ला | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगानी | | सैद्धान्तिक | लगानी | | सैद्धान्तिक | लगानी | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां लिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| बैतडी | मेलौली नगरपालिका | ५० | १५ | १७३३५ | — | - | — | ५० | १५ | १७३३५ | ३५३० | ४१६४ | ७९० | — | — | ४९५४ | ११५१ | ७७०० | ८८५१ |

## अध्यावधिक बेरुजु स्थिति

अनुसुची-३

## २०७६/७७

(रु.हजारमा

| जिल्ला | स्थानीय तह | गत बर्ष सम्मको वाँकी वेरुजु | समायोजन | सं प को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको वाँकी रकम | यो वर्षको थप रकम | हाल सम्मको वाँकी वेरुजु | हाल सम्मको वाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बैतडी | मेलौली नगरपालिका | ५८७८४ | — | — | — | — | — | ५८७८४ | १७३३५ | ४१४४९ | २५७६० |